# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) राप्ती उपत्यका (देउखुरी), नेपाल साउन ४ गते, २०८३ साल (संख्या ४

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

### आर्थिक मामिला तथा योजना मन्त्रालयको

### सूचना

लुम्बिनी प्रदेश सभाले बनाएको प्रदेश आर्थिक ऐन, २०८३ को दफा १२ को उपदफा (१) बमोजिम मिति २०८३।०४।०१ मा लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्बाट संशोधन भएको देहाय बमोजिमको सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**देहायः**

प्रदेश आर्थिक ऐन, २०८३ को अनुसूची-१ को खण्ड (घ) को सि.नं. ४ को "(ख)" को सट्टा देहायको खण्ड "(ख)" राखिएको छः-

"(ख) कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष तथा सामाजिक सुरक्षा कोषले नियमित बचत जम्मा गर्ने सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट हुनेछ र नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका कर्मचारीहरुले ऋण लिँदा धितोको धितो बन्धक लिखत पारित गर्दा समेत रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

तर सेवा शुल्क रु. ५००/- लाग्नेछ।"

..................................

**आज्ञाले**

**वन्धु प्रसाद वास्तोला**
प्रदेश सरकारको सचिव

---

**आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।**

**मूल्य रु. ५।-**